**सार**

**पृष्ठभुमिः** एफसिटिसि (Framework Convention on Tobacco Control) लागुगर्न नदिनकालागि सूर्तिजन्य उद्योगहरुले सूर्तिजन्य पदार्थ नियन्त्रण सम्बन्धि राष्ट्रिय कानुन बनाउन अवरोध गर्ने, ढिला गर्ने र कमजोर बनाउने कार्य गर्दछन् । यो लेखले नेपालले कसरी सूर्तिजन्य उद्योगहरुको बिरोधलाई हटाउन सफल भयो र कसरी एफसिटिसि लागुगर्न बृहत सूर्तिजन्य पदार्थ नियन्त्रण सम्बन्धि कानुन लागु गर्‍यो भन्नेकुराको समीक्षा गर्दछ ।

**बिधिः** हामीले अखबारका लेखहरु र नीति सम्बन्धि कागजातहरुलाई मुख्य जानकारहरुको अन्तरवार्ताहरु संगै त्रिकोणीयरुपमा प्रस्तुत गरेकाछौ ।

**परिणामहरुः** बृहत सूर्तिजन्य पदार्थ नियन्त्रण सम्बन्धि कानुन पासगर्न नेपालमा रहेका स्थानिय सूर्तिजन्य पदार्थ नियन्त्रणका अभियानकर्ताहरुले अन्तर्राष्ट्रिय स्वास्थ्य समुहहरुको सहयोगकासाथ नेपालका नीति निर्माताहरु संगै काम गरेका थिए जसले एफसिटिसिका दायित्वहरु पुरा गरेकोछ । सूर्तिजन्य उद्योगहरुले राजनीतिक संक्रमणकालिन समयको नाजायज फाईदा उठाएर संसद मार्फत कानुन बनाउन अवरोध गर्नका लागि विधायकहरुको लागि बिदेश यात्राहरु व्यावस्थापन तथा प्रायोजन गर्ने, सूर्तिजन्य पदार्थ नियन्त्रणका अभियानकर्ताहरु र उनीहरुको परिवारहरुलाई ज्यानमार्ने धम्की दिने र सूर्तिजन्य पदार्थको खेतिका आर्थिक महत्वको तर्कहरु अगाडि सार्ने काम गरेका थिए । स्वास्थ्य र कानुन तथा न्याय मन्त्रिहरुको कडा हस्तक्षेपका बावजुद, सन २००९ को सर्वोच्च अदालतको फैसलाले सूर्तिजन्य पदार्थ नियन्त्रणका अभियानकर्ताहरुलाई सन २०११ मा बृहत सूर्तिजन्य पदार्थ नियन्त्रण सम्बन्धि कानुन सुरक्षित गर्न मद्दत गर्‍यो जसमा सूर्तिजन्य पदार्थको बट्टाको दुबैपट्टि ७५ प्रतिशत भागढाक्ने गरि चेतावनीमुलक चित्र सहितको स्वास्थ्य सन्देश उल्लेख गर्नु पर्ने, सार्वजनिक ठाउंहरु, कार्यस्थलहरु, निजि घरहरु र सवारीसाधनहरु सत्प्रतिशत धूम्रपान रहित हुनुपर्ने, र सूर्तिजन्य पदार्थका विज्ञापन, प्रबर्धन तथा प्रायोजनलाई प्रतिबन्धित गर्ने कुराहरु उल्लेख गरिएकाछन् ।

**निष्कर्षः** सूर्तिजन्य उद्योगहरुका प्रस्तावहरुलाई अस्वीकार गर्न र बृहत सूर्तिजन्य पदार्थ नियन्त्रण सम्बन्धि कानुन बनाउनको लागि राजनीतिक समर्थन पाउन राजनीतिज्ञहरु र विधायिकाहरुलाई लगातार शिक्षित गराईराख्नु पर्ने कुरा विकासशील देशका अभियानकर्ताहरुले नेपालको अनुभवलाई उपयोग गर्नुपर्दछ । विकासशील देशहरु जहां शासनसत्ता कमजोर हुन्छ त्यहा अन्तर्राष्ट्रिय एजेन्सिहरुको प्राविधिक तथा आर्थिक सहयोग, नागरिक समाजको प्रभावकारी सहयोग तथा समन्वय र घरेलु कानुनको उपयोग कम र मध्य आयश्रोत भएका देशहरुका लागि सहयोगी सिद्ध छन ।